तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# तुलसीपुर उप-महानगरपालिकाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७८

## तुलसीपुर उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,दाङ
## लुम्बिनी प्रदेश

कार्यपालिका बैठकवाट स्वीकृत भएको मिति : २०७८/०७/१०
प्रमाणीकरण भएको मिति : २०७८/०९/०६

# परिच्छेद-१ (Chapter-I)

## १.पृष्ठभूमि

नेपाल एक बहु-जातिय, बहुभाषी, बहु-धार्मिक, बहु-सांस्कृतिक मुलुक हो । नेपालको संविधान २०७२ ले यहि विविधतायुक्त पहिचानलाई आत्मसात् गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको संकल्प गरेको छ भने लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तका रुपमा व्याख्या गरेको छ । संविधानको धारा १६ ले सबै नागरिकको सम्मान पूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरेको छ भने धारा ५२ मा राज्यले गर्नुपर्ने दायित्वको पनि व्यवस्था गरिएको छ । संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका विशेष कार्यक्रम संचालन गर्न सकिने व्याख्या पनि गरेको छ । नेपालले बिभिन्न महासन्धीहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय स्तरमा पनि बिभिन्न प्रतिवद्धताहरु व्यक्त गरेको छ । महिला विरुद्धका विभिन्न विभेदपुर्ण प्रावधानहरु संशोधन गरी लैंङ्गिक समानता कायम गर्न केहि ऐनहरु पनि संशोधन गरेको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुश्लिम आयोग गठन गरी लक्षित वर्गको सहभागितालाई सुनिश्चित र प्रभावकारी वनाउन कोशिस गरेको छ भने नीति, कार्यक्रम तथा कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकतामा राखेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय तहले आफनो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित सवालहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिएको छ ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion,GESI) विना अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्ने तथ्यलाई हृदयङ्गम गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय सामाजिक समावेशी नीति, २०७७, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लाई कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति वनाउन सके मात्र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न मद्दत पुग्न सक्दछ । तुलसीपुर उप-महानगरपालिकाले पनि यहि आवश्यकता र यथार्थतालाई मध्यनजर गरि लैससास नीति तयार गरेको हो । उप-महानगरमा लैससास क्षेत्रमा भएका अभ्यासहरुलाई संस्थागत गर्न र विभिन्न भेदभावजन्य प्रचलन र व्यवहार (लैङ्गिक, वर्गिय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गरि वन्चितिकरणमा परेका वर्ग र समुदायका सवालहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहीकरण गर्न **"तुलसीपुर उप-महानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ "** तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ ।

## २.लैससास क्षेत्रमा विगतमा गरिएका प्रयासहरु

विभेद रहित, समृद्ध र न्यायपूर्ण समाज स्थापनाको लागि नेपालमा विगत देखि नै महिला, दलित, आदिवासी जनजाती, मधेशी, मुश्लिम, पिछडिएका समुदाय, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक, आर्थिक रुपमा पछाडी परेका व्यक्ति वा समुदायलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ ।

यसका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको छ र परिणामस्वरुप लक्षित वर्ग/समुदायको सशक्तिकरणमा उल्लेखनीय योगदान पुगेको छ।

दशौं पन्चवर्षिय योजना (२०५९-२०६४) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-Cutting Issues) का रुपमा स्थान दिइएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुन:संरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरुलाई समाधान गर्न संकल्प गरको छ भने सामाजिक समावेशीकरणको विषयलाई प्रमुख वहशको रुपमा अंगिकार गरिएको थियो। वि.स २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तर्जुमा गरियो भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरु स्थापना गर्ने कार्यको थालनी पनि गरियो। लैङ्गिक समानता र सामाजिक सामावेशीकरण सम्बन्धी नीति, २०६६ तर्जुमा भई कार्यान्वयनमा रहेको थियो। नेपालको संविधान २०७२ ले यहि विविधतायुक्त पहिचानलाई आत्मसात् गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको संकल्प गरेको छ। नेपालले बिभिन्न महासन्धीहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा पनि विभिन्न प्रतिवद्धताहरु व्यक्त गरेको छ। महिला विरुद्धका विभेदपुर्ण प्रावधानहरु संशोधन गरी लैंङ्गिक समानता कायम गर्न केहि ऐनहरु पनि संशोधन गरेको छ भने राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुश्लिम आयोग गठन गरि लक्षित वर्गको सहभागितालाई सुनिश्चित् र प्रभावकारी वनाउन कोशिस गरेको छ।

तुलसीपुर उप-महानगरपालिकाले लैङ्गिक हिंसा विरुद्धको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यवद्धता जनाइसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिराखेको छ। लैससास क्षेत्रमा नगर गरेका कतिपय कार्यक्रमहरु संघ, प्रदेश तथा अन्य स्थानीय निकायहरुले समेत अनुसरण गरेका छन। हिंसा प्रभावित महिलाहरुका लागि सुरक्षित आवास कार्यक्रम, गर्भवती तथा सुत्केरी महिलाहरुका लागि प्रोत्साहन कार्यक्रम, ट्रान्जिट होम (हिंसा पिडित तथा प्रभावित महिलाहरुका लागि), मातृ मृत्यु दर सून्यान्तरमा झार्ने अभियान, स्मार्ट छोरी कार्यक्रम तथा महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास र सम्मानमा टेवा पुर्‍याउने लगायतका विभिन्न कार्यक्रमहरु रहेका छन। यसका अलावा राज्यको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरणमा समतामूलक सिद्धान्तलाई अंगिकार गरेको छ भने स्थानीय सरकार-नागरिकका विचमा दोहोरो सम्वाद स्थापित गर्न विभिन्न संयन्त्रहरु मार्फत नागरिकबाट रचनात्मक सुझाव ग्रहण गरी शासन सञ्चालनमा अझ बढि पारदर्शिता, नेतृत्वमा जबाफदेहीता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरूको सूचनामा पहुँचलाई मजबुत बनाउन र तुलसीपुर उप-महानगरपालिकालाई देशकै एक गतिशील र समृद्ध नगर बनाउने परिकल्पना गरेको छ।

### ३. उप-महानगरपालिकामा लैससासको अवस्था

लैससास सम्बन्धी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरु, नेपालले बिभिन्न महासन्धिहरुमा गरेका हस्ताक्षर एवम् प्रतिवद्धताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस उप-महानगरपालिकाले लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखेको छ। वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ भने अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि परिचय-पत्र वितरण गरिएको छ। हिंसा पिडित/प्रभावितका लागि कार्यक्रम संचालन गरिएका छन भने महिला तथा सामाजिक-आर्थिक रुपमा वहिष्करणमा रहेका व्यक्ति वा समुदायको सशक्तिकरण लागि पनि विभिन्न कार्यक्रमहरु संचालन गरिएका छन्। यसका अलावा राज्यको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरणमा समतामूलक र न्यायोचित सिद्धान्तलाई अंगिकार गरिएको छ।

### ४.लैससास नीतिको आवश्यकता

लैससास क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरु लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेका छैनन।

सबै लक्षित वर्ग/समुदायहरुलाई संगठित गरी उनीहरुको आवाज वा गुनासो सुन्न सकिएको अवस्था छैन । लक्षित वर्गमा आफ्ना अधिकार र विद्यमान कानूनी प्रावधानका सम्बन्धमा यथेष्ठ जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित् हुन सकिरहेको छैन । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमहरु पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेका छैनन । समाजमा विभिन्न गलत चलन र अभ्यासहरु विद्यमान रहेका छन जसले समाज विकासमा कुनै न कुनै रुपमा बाधा उत्पन्न गरिरहेका छन । जातीय तथा वर्गीय विभेदहरु कायम रहेका छन । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ । लैससास क्षेत्रमा हाल भइरहेका अभ्यासहरुलाई संस्थागत गर्न र तुलसीपुरलाई लैससास मैत्री एक नमूना शहर बनाउन लैससास नीतिको आवश्यकता रहेको छ ।

## ५. लैससास क्षेत्रका प्रमुख समस्या,चुनौती र अवसरहरु

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम बहुसाँस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।
समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार, मुल्य र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको संयुक्त प्रयासमा उल्लेख्य कार्यहरु भएका छन् । समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र स्थानीय निकाय अन्तर्गत बनाइने समिति तथा संरचनाहरुमा लक्षित वर्गको समतामुलक र अर्थपूर्ण पहुच स्थापित गर्न , स्थानीय सरकार सञ्चालन ऐनको दफा १११ ले व्यवस्था गरे जस्तै कार्यान्वयनमा ल्याउन पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरण आवश्यक रहन्छ । यस तलसीपुर उप-महानगरपालीकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सन्दर्भमा मूलत देहायका समस्या, चुनौती र अवसरहरु रहेका छन ।

### ५.१ समस्याहरु

- शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु ।
- बन्चितिमा परेका वर्ग र समुदायको न्यून आर्थिक अवस्था तथा सामाजिक सशक्तिकरणमा समस्या ।
- विभिन्न लिङ्ग, वर्ग र जातजाती विच व्यवहारगत विभेद वा प्रचलनहरु विद्यमान रहेका छन जसले समग्र विकास प्रक्रियामा कुनै न कुनै रुपमा बाधा उत्पन्न गरिरहेका छन ।
- महिला हिंसा, वालविवाह,घरायसी हिंसा, नेतृत्वमा महिलाको सक्रिय र अर्थपूर्ण सहभागिता कम रहनु ।
- संरचनाहरु अपांगमैत्री नहुनु र कार्यालयमा पर्याप्त दोभासेहरु नहुनु ।
- लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन नसक्नु ।
- महिला हिंसाका घटना तथा दुर्व्यवहारहरु यथावत भइरहेका छन ।
- वन्चितिमा परेका वर्गका आवाजहरुको पर्याप्त सुनुवाइ हुन नसक्नु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु ।
- उप-महानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण हुन नसक्नु ।
- नियमितरुपमा लैङ्गिक उत्तरदायी बजेट परिक्षण तथा लैससास लेखाजोखा पनि नहुनु ।
- लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।
- अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीमा लाभदायी नसमेटिनु तथा लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लिङ्ग, वर्ग,जातजाति र समुदायको अर्थपूण सहभागिता नहुनु र ती प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरुमा महिला हिंसा, मानव वेचविखन तथा यौनजन्य घटनाहरु हुनु ।

## ५.२. चुनौतीहरु

- लैससासको लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण नहुनु ।
- शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु
- उप-महानगरपालिका अन्तर्गतका समिति वा संरचनाहरुलाई समावेशी तथा कार्यशैलीलाई लैससास मैत्री वनाउन नसक्नु ।
- बिभिन्न लिङ्ग, वर्ग र जातजाती विच व्यवहारगत विभेद वा प्रचलनहरु कायम रहनु ।
- लक्षित वर्गको जीविकोपार्जनमा समस्या हुनु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाई तथा व्यवहारमा विभेदता हुनु ।
- लक्षित वर्गका अधिकार र विद्यमान कानुनी व्यवस्थाका वारेमा यथेष्ठ जानकारी गराउन नसक्नु ।
- योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गका सवालमा पर्याप्त छलफल नहुनु र संवाल संवोधन हुने किसिमका कार्यक्रम तर्जुमा नहुनु ।
- कानुनको व्यवहारिक कार्यान्वयनमा कमि हुँदा यथास्थितिवादी सोचमा अपेक्षाकृत परिवर्तन नहुनु ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य वा पुर्नलाभको चक्रमा आवश्यक खण्डिकृत तथ्याङ्क संकलन र अभिलेखिकरण नहुनु ।

## ५.३ अवसरहरु

लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता, स्थानीय सरकारको निति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार नै मूलतः उप-महानगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर हो । यसका साथै संघीय तथा प्रदेश सरकारका लैससास नीतिको प्रावधान र लैङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रमहरुले पनि पालीकालाई नीति तथा कानुन बनाउने अवसरहरु प्रदान गरेका छन ।

## ६. लैससास नीतिको आवश्यकता तथा महत्व

उप-महानगरपालीकामा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधानका लागि लैससास नीतिको आवश्यकता र महत्व रहेको छ ।

- शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न ।
- नगरमा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन र व्यवहार (लैङ्गिक, वर्गीय, क्षेत्रगत, समुदायगत, जातजातिगत) को अन्त गर्न र पालिकालाई एक नमुनायोग्य स्थानीय निकायका रुपमा विकास गर्न ।
- स्थानीय सरकारको नीति, निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न ।
- स्थानीय सरकारवाट प्रवाह हुने सेवा-सुविधामा लक्षित वर्गको पहुँच वृद्धि गर्न ।
- स्थानीय सरकारको अनुगमन तथा मूल्याङ्कनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न ।
- स्थानीय सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न ।
- राज्यको श्रोत साधन, अवसर र लाभको वितरणमा लक्षित वर्गको पहुँच वृद्धि गरी समानुपातिक वितरणको व्यवस्था सुनिश्चित गर्न ।
- वन्चितिमा परेका वर्ग र समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्न ।
- उप-महानगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई लैससासमैत्री बनाउन ।
- नगरको नीति तथा कार्यक्रम र वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।
- उप-महानगरपालिकाको नीति कानून र संरचनामा लैससासलाई मूलप्रवाहीकरण गर्न ।
- उप-महानगरपालिका अर्न्तगत सन्चालन हुने नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न ।
- सरोकारवालाहरुबीच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन

- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, संघ र प्रदेश सरकारका लैससास सम्बन्धी प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न ।
- लक्षित वर्गको समस्या समाधान र पिडित वर्गको गुनासो सुनुवाइको उचित व्यवस्था गर्न ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न ।

# परिच्छेद-२ (Chapter-II)
## (दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्यहरु)

**७. दीर्घकालीन सोंच (Vision) :**
सबैखालका असमान व्यवहार र विभेदहरुको अन्त्य गरी समतामूलक, समृद्ध र समुन्नत तुलसीपुर उप-महानगरपालिका निर्माण गर्ने

**८. लक्ष्य (Goal) :**

लैससास क्षेत्रमा भएका अभ्यासहरुलाई संस्थागत गर्न र विभिन्न भेदभावजन्य प्रचलन र व्यवहार (लैङ्गिक, वर्गीय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गरि वन्चितिकरणमा परेका वर्ग र समुदायका सवालहरुलाई मूलप्रवाहीकरण गरी तुलसीपुर उप-महानगरपालिकालाई एक लैससास मैत्री र समृद्ध सहर वनाउने ।

**९.उद्देश्यहरु (Objectives):**

१.शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्ने ।
२.पालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन, सस्कार र व्यवहार (लैङ्गिक, वर्गीय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गर्न र पालिकालाई एक नमुनायोग्य स्थानीय तहका रुपमा विकास गर्न ।
३.स्थानीय सरकारको नीति, निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न ।
४.स्थानीय सरकारबाट प्रवाह हुने सेवा-सुविधामा लक्षित वर्गको सहभागिता वृद्धि गर्न ।
५.स्थानीय सरकारको अनुगमन तथा मुल्याङ्कनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न ।
६.उप महानगरपालीकाको नीति, व्यवस्था, कार्यक्रम तथा वजेट लैससास मैत्री बनाउने ।
७.सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुरयाउने ।
८.नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्ने ।
९.नेपाल सरकारले लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता कार्यान्वयनमा सघाउन ।
१०.पालिका अन्तर्गत रहेका कार्यपालिका, विषयगत शाखा/महाशाखा, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघ-संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
११.महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहना प्रति अझ बढी संवेदनशील, उत्तरदायी र जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
१२.सरोकारवालाहरूलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जबाफदेही हुन अभिप्रेरित गर्ने ।
१३.स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा बञ्चितीकरण र जोखिममा परेका समूहको क्षमता अभिवृद्धि गरि यी वर्गहरुको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने
१४.सामाजिक विभेदको न्यूनीकरण गर्ने ।
१५.वपदको समयमा वा विपद् पश्चात हुने विभिन्न किसिमका लैंगिक हिंसाहरुवाट महिला तथा बालबालिककालाई संरक्षण गर्न

# परिच्छेद-३ (Chapter-III)
## (नीति, रणनीति तथा कार्यनीति)

### १०.प्रमुख नीतिहरु (Major Policies)

तुलसीपुर उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ का प्रमुख नीतिहरु देहाय अनुसार रहेका छन् ।

१०.१ स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीति, कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गर्ने ।
१०.२ विद्यमान भेदभावजन्य व्यवहार, हानीकारक प्रचलन र महिला हिंसा अन्त्यका लागि शून्य सहनशिलताको नीति लिने ।
१०.३ उप-महानगरपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तिकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।
१०.४ उप-महानगरपालिकाबाट उपलब्ध स्रोत साधन र समग्र विकास प्रक्रियाको लाभ वितरणमा लक्षित वर्गको समतामूलक र न्यायोचित अवसर सुनिश्चित् गर्ने ।
१०.५ सेवा प्रदायक तथा सम्वद्ध सरोकारवालाहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।

### ११.रणनीति (Strategy) र कार्यनीति (Working Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांकी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, प्रभावकारी सेवाप्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा उप-महानगरपालिकाका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अझै बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ । यस तुलसीपुर उप-महानगरपालिकामा लैससास नीतिलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयनका लागि देहायका रणनीतिहरु र सोका कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

**नीति १.स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीति, कानून, आवाधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गर्ने**

**रणनीतिः**

११.१.१.हाल भएका नीति,कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरु पुनरावलोकन गर्ने लैससास संवेदनशिल वनाउने,
११.१.२.पालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ,

**रणनीति :** ११.१.१.हाल भएका नीति,कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरु पुनरावलोकन गर्ने लैससास संवेदनशिल वनाउने ।

**कार्यनीति**

११.१.१.१. विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधिहरुको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समिक्षा तथा पुनरावलोकन गरि तर्जुमा गरिनेछ ।
११.१.१.२. विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई, वार्षिक योजना, आवधिक योजना, विषयगत तथा क्षेत्रगत कार्यक्रम तथा वजेटको तर्जुमा गरिनेछ ।
११.१.१.३ नीति, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरुको प्रभावकारीताको लागि सरोकारवालाहरुसंग आवश्यक

समन्वय र सहकार्य गरीनेछ ।

**रणनीतिः ११.१.२. पालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रियाआई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।**

**कार्यनीति**

११.१.२.१.लैससासको खण्डिकृत तथ्याङ्कलाई नियमित, अद्यावधिक साथै नीति तथा कार्यक्रममा आवद्ध गरिनेछ ।
११.१.२.२ कर्मचारी भर्ना तथा समग्र मावन संशाधन प्रक्रियालाई लैससासमैत्री एवं जवाफदेही बनाइनेछ ।
११.१.२.३ उप-महानगरपालिकाका भौतिक संरचना, कार्यशैली र वातावरण लैससास मैत्री बनाउदै लगिनेछ ।
११.१.२.४. वार्षिक रुपमा लैससास लेखाजोखा गरी पालिकालाई लैससास उत्तरदायी बनाइनेछ ।

**नीति २.विद्यमान भेदभावजन्य ब्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलताको नीति लिने ।**

**रणनीति**

११.२.१ : विद्यमान भेदभावजन्य ब्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलताको रणनीति तयार गर्ने ।
११.२.२.भेदभावजन्य ब्यवहार र हानिकारक प्रचलनहरुको अन्त्यका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।
११.२.३.लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।
११.२.४ पालिकामा विद्यमान विभेदहरु न्यूनीकरण गर्न समुदायको अगुवाईमा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**रणनीतिः ११.२.१** विद्यमान भेदभावजन्य व्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलताको रणनीति तयार गर्ने ।

**कार्यनीति**

११.२.१.१ राष्ट्रिय अन्तर्राष्ट्रिय सम्झौताहरु समिक्षा गरि उपमहानगरपालिकको लक्ष अनुसार शुन्य सहनशीलताको लागि कानुन, कार्यविधि, कार्ययोजना र बजेट छुट्याइनेछ ।
११.२.१.२ शुन्य सहनशीलताको लागि कानुन, कार्यविधि, कार्ययोजना र बजेट कार्यान्वयन गर्न उप-महानगरपालिका तथा वडा तह सम्मका कार्यस्थललाई लैससासमैत्री वनाइनेछ ।
११.२.१.३ लैससास प्रति उप-महानगरपालिकाको सून्य सहनशीलता सम्बन्धी आचार संहिता वनाइ कार्यान्वयन गरिनेछ ।
११.२.१.४ नीति, रणनीति, कार्यविधि र कार्ययोजना कार्यान्वयका लागि आवश्यक बजेट विनियोजन तथा कार्यान्वयका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
११.२.१.५ सहभागितात्मक अनुगमन र मुल्याङ्कनको व्यवस्था गरिनेछ ।
११.२.१.६ उप-महानगरपालिकाको सून्य सहनशीलताको नीतिका वारेमा सरोकारवाला तथा लक्षित वर्गलाई जानकारी गराउन मिडिया मार्फत प्रशारण गरिनेछ ।
११.२.१.७ उप-महानगरपालिकाको न्याय सम्पादन प्रणालीलाई भेदभाव रहित र हानीकारक प्रचलनका विरुद्धमा प्रभावकारी र सर्वसुलभ वनाइनेछ
११.२.१.८. विपद प्रतिकार्य तथा पुर्नलाभको चरणमा महिला तथा बालबालिका माथि हन सक्ने यौन शोषण तथा दुर्व्यवहार रोकथामका लागि शून्य सहनशीलताको नीति लिइनेछ ।

११.२.१.९.हेल्प डेक्स वनाई आवश्यक सहयोग गरिनेछ ।

**रणनीति ११.२.२.भेदभावजन्य ब्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,**

**कार्यनीति**

११.२.२.१ उपमहानगरपालिकाको नीति, रणनीति, कार्यविधि र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध



घनश्याम पाण्डे

सरोकारवालासँग समन्वय, परामर्श र सहकार्य गरिनेछ,।
११.२.२.२ विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरितिहरुको अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ,।
११.२.२.३ लैससासको नीतिलाई कार्यान्वयन गर्न उपमहानगरपालिकामा एक अनुगमन समिति गठन गरिनेछ र यसलाई कार्यान्वयन गर्न सम्वद्ध सबै निकायसँग समन्वय र सहकार्य गरिनेछ,
११.२.२.४.नीतिलाई समय सापेक्ष पुनरावलोकन गरि पालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई लैससास मैत्री वनाइनेछ ।

**रणनीतिः ११.२.३.लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।**

**कार्यनीति**

११.२.३.१ लैङ्गिक तथा तथा सामजिक भेदभावमा परेका व्यक्तिहरुको पहिचान गरिनेछ ।
११.२.३.२.हिंसा पिडित/प्रभावित व्यक्तिहरुका लागि पुनर्स्थापना,संरक्षण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
११.२.३.३.आर्थिक,सामाजिक रुपले पछाडी परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।
११९.२.३.४.लक्षित वर्गलाई बचत परिचालन कार्यक्रम मार्फत आर्थिक रुपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
११.२.३.५. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमह संचालन गरिनेछ ।

**रणनीतिः ११.२.४ पालिकामा विद्यमान विभेदहरु न्यूनीकरण गर्न समुदायको अगुवाईमा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने ।**

**कार्यनीति**

११.२.४.१.न्यायिक समितिले प्रदान गर्ने सेवाहरुका वारेमा जारकारी दिइनेछ ।
११.२.४.२.पालिकाले प्रवाह गर्ने सेवा सुविधाका वारेमा जानकारी दिइनेछ ।
११.२.४.३.लक्षित वर्गलाई सेवा लिने प्रक्रियामा सहजीकरण गरिनेछ ।
११.२.४.४ हेल्प डेक्स वनाई आवश्यक प्रक्रियामा सहयोग गरिनेछ ।
११.२.४.५.लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, गलत चलन तथा मान्यता र यसले समग्र विकास प्रक्रियामा पारेको प्रभाव सम्बन्धमा अभिमुखीकरण गरिनेछ ।

**नीति ३.उपमहानगरपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तिकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।**

**रणनीति**

११.३.१.वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत खण्डिकृत सूचना अद्यावधिक गरि नीति तथा कार्यक्रममा आवद्ध गर्ने ।
११.३.२.लक्षित वर्गको समानुपातिक सहभागिताका लागि आवश्यक कार्यविधि तथा मापदण्ड तयार गर्ने ।
११.३.३.लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।
११.३.४.स्थानीय तहको योजना तर्जुमा प्रक्रिया,स्रोत परिचालन र व्यवस्थापनमा लक्षित वर्गको समावेशीकरणलाई आन्तरिकरण गर्ने ।

**रणनीतिः ११.३.१.वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत खण्डिकृत सूचना अद्यावधिक गरि नीति तथा कार्यक्रममा आवद्ध गर्ने ।**

**कार्यनीति**



घनश्याम पाण्डे

११.३.१.१. आधारभूत र खण्डिकृत तथ्याङ्क सहितको पालिकाको पार्श्वचित्र अद्यावधिक गरिनेछ ।
११.३.१.२. आधारभूत र खण्डिकृत तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्न सरोकारवालाहरुसंग समन्व्य तथा सहकार्य गरिनेछ ।
११.३.१.३.योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको आधारभूत आवश्यकता र खण्डिकृत तथ्याङ्कको आधारमा कार्यक्रम तयार गरिनेछ, ।

**रणनीतिः ११.३.२.लक्षित वर्गको समानुपातिक सहभागिताका लागि आवश्यक कार्यविधि तथा मापदण्ड तयार गर्ने ।**

**कार्यनीति**

११.३.२.१.लक्षित वर्गको अर्थपूर्ण सहभागिताको लागि कार्यविधि तयार गरी सहभागिताको सुनिश्चत गरिनेछ ।
११.३.२.२.कार्यविधि तथा मापदण्ड्मा तोकिए अनुसारको क्षमता अभिवृद्धि गरिनेछ ।
११.३.२.३.समानुपातिक सहभागिताका लागि तयार भएका कार्यविधि तथा मापदण्डका वारेमा सूचना सम्प्रेशण स्थानीय भाषामा स्थानीय रेडियो, एफ.एम, पत्र-पत्रिका र नागरिक वडापत्र मार्फत गरिनेछ ।
११.३.२.४.लक्षित वर्गका लागि आय आर्जन तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
११.३.२.५.विपन्न वर्गलाई विशेष अवसर र अनुकुल वातावरण सहित सहभागिताको अवसर प्रदान गरिनेछ ।
११.३.२.६ आधारभूत र खण्डिकृत तथ्याङ्कको आधारमा कार्यक्रम तथा बजेट विनियोजन गर्दा लक्षित वर्गको लागि केहि बजेट सीमाको व्यवस्था गरिइनेछ ।

**रणनीतिः ११.३.३.स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, स्रोत परिचालन र व्यवस्थापनमा लक्षित वर्गको समावेशीकरणलाई आन्तरिकरण गर्ने ।**

**कार्यनीति**

११.३.३.१.निश्चित प्रतिशत रकम लक्षित वर्गको समावेशीकरणलाई आन्तरिकरण गर्ने कार्यमा खर्च गरिनेछ ।
११.३.३.२.योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।
११.३.३.३.लक्षित वर्गका सवालहरुलाई प्राथमिकता दिइनेछ ।
११.३.३.४.लक्षित वर्गले लाभ लिए नलिएको विषयमा सार्वजनिक परिक्षण गरिनेछ ।
११.३.३.५.योजना तर्जुमा गर्दा स्थानीय सरकारले तोकेको मापदण्ड तथा नीतिलाई आधार मानिनेछ ।

**नीति ४ : उप-महानगरपालिकावाट उपलब्ध स्रोत साधन र समग्र विकास प्रक्रियाको लाभ वितरणमा लक्षित वर्गको समतामूलक र न्यायोचित अवसर सुनिश्तिच् गर्ने ।**

**रणनीति**
११.४.१.उप-महानगरपालिकाको वजेट प्रणालीलाई लैङ्गिक उत्तदायी बजेट विधि अपनाइनेछ ।
११.४.२.वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत र खण्डिकृत तथ्याङ्क अद्यावधिक गरि उक्त तथ्याङ्क लाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कन प्रणालीमा प्रयोग गरिनेछ ।
११.४.३.लक्षित वर्गको गुनासो सुनुवाईका लागि आवश्यक संयन्त्र तयार गरिनेछ ।
११.४.४ अनुगमन र मुल्याङ्कनलाई आवश्यक सूचक सहित अनिवार्य प्रणालीको रुपमा स्थापित गरिनेछ ।
११.४.५.लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि गरी जीवनस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**रणनीतिः** ११.४.१.उपमहानगरपालिकाको वजेट प्रणालीलाई लैङ्गिक उत्तदायी बजेट बनाउने ।

**कार्यनीति**

११.४.१.१.योजना तर्जुमाको प्रक्रियामा वस्ती स्तरको छलफल देखि नै सहभागितात्मक छलफल गरिनेछ ।
११.४.१.२.लक्षित वर्गको लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

**रणनीतिः ११.४.२.वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत खण्डिकृत तत्थाङ्क अद्यावधिक गरि उक्त तत्थाङ्कलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कन प्रणालीमा प्रयोग गर्ने ।**



घनश्याम पाण्डे
प्रमुख

**कार्यनीति**

११.४.२.१.वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आवश्यकता खण्डिकृत तथ्याङ्क अनुरुप योजना तर्जुमा गरी लाभको बाडफाडमा सुनिश्चितता गरिनेछ।

११.४.२.२.आधारभूत खण्डिकृत तथ्याङ्कका आधारमा कार्यान्वयन र सहभागितात्मक अनुगमन तथा मुल्याङ्कन गरि लक्षित वर्गमा लाभको वितरणमा सुनिश्चितता गरिनेछ।

**रणनीतिः ११.४.३.लक्षित वर्गको गुनासो सुनुवाईको लागि आवश्यक संयन्त्र तयार गर्ने।**

**कार्यनीति**

११.४.३.१.गुनासो सुनुवाइका लागि सुझाव पेटिका स्थापना गरि त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

११.४.३.२.गुनासो सुनुवाइका लागि व्यवस्था गरिएको टोल फ्रि नं लाई थप प्रभावकारी वनाइनेछ।

११.४.३.३.सार्वजनिक सुनुवाइलाई लक्षित वर्गको सहभागितामा थप प्रभावकारी वनाइनेछ।

**रणनीतिः ११.४.४ अनुगमन र मुल्याङ्कनलाई आवश्यक सूचक सहित अनिवार्य प्रणालीको रुपमा स्थापित गर्ने।**

**कार्यनीति**

११.४.४.१.उपमहानगरपालिकाको सहभागीतात्मक अनुगमन र मुल्याङ्कनको विधि तयार गरिनेछ।

११.४.४.२.अनुगमन र मुल्याङ्कनमा लैससासका सूचकहरु राखेर अद्यावधिक गरिनेछ।

११.४.४.३.सूचकमा आधारित अनुगमन र मुल्याङ्कनको प्रतिवेदन तयार गर्ने प्रणालीको विकास गरिनेछ।

११.४.४.४.योजनाको अनुगमन तथा मुल्याङ्कनका क्रममा लक्षित वर्गवाट प्राप्त सुझाव-सल्लाहलाई कार्यान्वयन गरिनेछ।

**रणनीतिः ११.४.५.लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि गरी जीवनस्तर सुधारका कार्यक्रमहरु संचालन गर्ने।**

**कार्यनीति**

११.४.५.१ लोपोन्मुख भाषा तथा लिपिहरुको खोज,अध्ययन गरि अभिलेखन तथा संरक्षण गरिनेछ।

११.४.५.२.परम्परागत पेशा, ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

११.४.५.३.आदिवासी जनजाती, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अल्पसंख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यमा संलग्न व्यक्ति/समुदायको क्षमता अभिवृद्धि गरिनेछ।

११.४.५.४ परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

**नीति ५ : सेवा प्रदायक तथा सम्वद्ध सरोकारवालाहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।**

**रणनीति :**

११.५.१ सेवा प्रदायक तथा सम्बद्ध सरोकारवालाको लैससास क्षमता विकास सम्बन्धी योजना वनाइनेछ।

११.५.२.सेवा प्रवाहको संयन्त्र र प्रक्रियालाई लैससास मैत्री वनाइनेछ।

११.५.३.लैससास सम्पर्क व्यक्ति तथा तथा लैससास समन्वय समितिको स्थापना तथा क्षमता अभिवृद्धि गरिनेछ।

**रणनीतिः ११.५.१ सेवा प्रदायकहरु तथा सम्बद्ध सरोकारवालाको लैससास क्षमता विकास सम्बन्धी योजना वनाउने।**

**कार्यनीति**

११.५.१.१.उप-महानगरपालिकाका सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादी संघ-संसंस्थाहरुको लैससास सम्वन्धि क्षमताको पहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्ययोजना साथै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

११.५.१.२. योजना तर्जुमा प्रकृयामा प्रत्यक्ष संलग्न कर्मचारी,जनप्रतिनिधि र संघ-संसंस्थाहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा प्रक्रियाका बारेमा क्षमता अभिवृद्धि गरिनेछ।

११.५.१.३. उप-महानगरपालिकावाट सन्चालन हुने सवै तालिम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषयलाई

| |
|---|
| प्राथमिकता दिनइनेछ ।<br>११.५.१.४. लैससास सम्बन्धी विद्यमान कानुन र व्यवस्थाहरुका बारेमा प्रचार प्रसार तथा सचेतीकरण गरिनेछ । |
| **रणनीति : ११.५.२.सेवा प्रवाह संयन्त्र र प्रक्रियालाई लैससास मैत्री वनाउने ।**<br><br>**कार्यनीति**<br><br>११.५.२.१.सेवा प्रवाहलाई चुस्त,दुरुस्त र प्रभावकारी वनाउने विषयमा छलफल गरिनेछ ।<br>११.५.२.२.सेवा प्रवाहको मापदण्ड वनाइ कार्यान्वयन गरिनेछ ।<br>११.५.२.३.सेवा प्रवाहको प्रक्रियालाई सरल र व्यवस्थित वनाइनेछ ।<br>११.५.२.४. सेवा प्रदायक र सेवा ग्राहीको सुविधाका लागि पूर्वाधारहरु जस्तै शौचालय, बस्ने ठाँउ,अपाङ्गता मैत्री सेवा दिने ठाँउ, आदिको व्यवस्था गरिनेछ । |
| **रणनीतिः ११.५.३.लैससास सम्पर्क व्यक्ति तथा लैससास समन्वय समितिको स्थापना तथा क्षमता अभिवृद्धि गर्ने ।**<br><br>**कार्यनीति**<br><br>११.५.३.१.लैससासको सम्पर्क व्यक्तिको रुपमा काम गर्न उपलब्ध कर्मचारीहरु मध्ये एक जना लैससास सम्पर्क व्यक्ति तोकि स्पष्ट कार्यजिम्मेवारी उपलब्ध गराईनेछ ।<br>११.५.३.२.उपमहानगरपालिकामा एक लैससास समन्वय समिति गठन गरिनेछ ।<br>११.५.३.३.लैससास सम्पर्क व्यक्ति तथा समन्वय समितिको लागि क्षमता विकासको कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ । |

# परिच्छेद-४ (Chapter-IV)
## (नीति कार्यान्वयनमा आउन सक्ने सम्भाब्य जोखिम र अपेक्षाकृत नतिजा)

### १२.नीतिको कार्यान्वयनमा आंउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन | नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन उप-महानगरपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि उप-महानगरपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| २ | भेदभावजन्य प्रचलन तथा व्यवहारहरु | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, ब्यवहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा उप-महानगरपालिकाले सून्य सहनशिलताको नीति लिनेछ । |
| ३ | लैससासको बुझाईमा एकरुपता नहुनु । | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषय कम प्राथमिकतामा रहनु | योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ । लैससासका लाभ र अवसरहरुमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित सहूहको |

| | | |
|---|---|---|
| | | सशक्तिकरण गरिनेछ। |
| ५ | लैससासको सवाललाई एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | लैससासको सवाललाई पालिकामा मुख्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ। सबै विषयगत क्षेत्रमा यसलाई अन्तर-सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ। लैससास क्षेत्रमा काम गर्ने संघ-संस्थाहरुसँग समन्वय गरी काम गरिनेछ। |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचकांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु। | लक्षित समुदायको पहिचान गर्ने, सूचक निर्धारण गर्ने, र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। |

### १३. लैससास नीतिका अपेक्षित उपलब्धीहरु

क) उप-महानगरपालीकाका नीति तथा कार्यक्रम लैससास सम्बेदनशील हुनेछन।
ख) लक्षित वर्गको सशक्तिकरण भइ अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्नेछन।
ग) सरोकारवाला निकायको लैससास प्रतिको बुझाइमा एकरुपता आई क्षमता अभिवृद्धि हुनेछ र लैससास सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुग्नेछ।
घ) श्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग/समुदायको पहुँच वृद्धि हुनेछ।
ङ) उप-महानगरपालिकाको निर्णय प्रक्रियामा लक्षित बर्गको पहुँच बृद्धि हुनेछ
च) योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित हुनेछ।
छ) आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसार लैससासका क्रियाकलापहरु कायान्वयन हुनेछन।
ज) नेपाल सरकारको दिगो विकासको लक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता र संघ तथा प्रदेश सरकारका प्रतिवद्धता कार्यान्वयमा योगदान पुग्नेछ।
झ) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रिया लैससासमैत्री हुनेछ।

## परिच्छेद-५ (Chapter-V)
## (नीतिको कार्यान्वयनको व्यवस्था

### १४. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयनको व्यवस्था

लैससास नीतिमा उल्लेख भएका प्रावधानलाई तुलसीपुर उप-महानगरपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने, संघ तथा प्रदेश सरकारले दिसा-निर्देश गरेका नीति तथा निर्देशनलाई कार्यान्वयन गर्ने र लैससासका सवालहरुलाई पालिकामा प्रभावकारी कार्यान्वयन गर्न देहाय वमोजिमका समितिहरुको व्यवस्था गरेको छ।

### १४.१.लैससास समन्वय समिति (पालिका तहमा)

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप-प्रमुख | सदस्य |
| ग)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ङ) कार्यपालिका सदस्यहरुवाट संयोजकले तोकेका (महिला, दलित, जनजाती मध्येवाट) | दुइ जना सदस्य |
| च) सामुदायिक संघ सस्था मध्येवाट संयोजकले तोकेका (दलित, जनजाती अल्पसंख्यक र कम्तीमा दुई महिला सहित) | पाँच जना सदस्य |
| छ) प्रमुख, सामाजिक विकास शाखा | सदस्य सचिव |

**समितिमा ७ देखि १३ जना सम्म राख्न सकिनेछ।**

### १४.२.लैससास समन्वय उप-समिति (वडा तहमा)

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु (महिला र दलित महिला सहित) | ३ जना सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |
| घ) अतिथिः संघ सस्थाबाट आवश्यकता अनुसार | २ जना |
| ङ) महिला, बालबालिक तथा जेष्ठ नागरिक विषय हेर्ने अधिकृत/कर्मचारी | १ जना |

**लैससास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।**

क) लैससास नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने।

ख) उप-महानगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, निर्देशिका, आवधिक योजना, रणनीतिक योजना, पार्श्वचित्र लगायत प्रकाशित हुने अन्य सबै लिखित दस्तावेजहरुमा लैससासको विषयवस्तु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने।

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वियन गर्ने गराउने।

घ) योजना तर्जुमा गर्दा लैससास उत्तरदायी बनाउन आवश्यक प्राविधिक सहयोग गर्ने।

ङ) लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए/नभएको अनुगमन गर्ने।

च) सार्वजनिक सुनवाइ, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भूमिका निभाउने।

छ) वन्चितीकरणमा परेका वर्ग/समुदायको आधारभूत र खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्न प्राविधिक सहयोग गर्ने।

ज) लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने/ गराउने।

झ) योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदायको अर्थपूर्ण सहभागिता गराउन र कार्यक्रमलाई समावेशी र लैससासमैत्री वनाउन नेतृत्वदायी भूमिका निभाउने।

ञ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने कममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने।

ट) यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना र बजेट सहित योजना बनाई कार्यान्वियन गर्ने/गराउने।

**लैससास समन्वय उप-समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।**

क) यस तुलसीपुर उप-महानगरपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु जस्तैः ऐन, कानून, नीति, आवाधिक योजना, विषयगत योजना, पाश्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजहरु समुदाय तथा नागरिक समाजसंग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

ख) यस उप-महानगरपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने।

ग) वडातहको खण्डिकृत तथ्यांकको व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने।

घ) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाउने।

ङ) उप-महानगरपालिकाका नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य वडास्तरका निकाय तथा कार्यालय, सरोकारवाला र अधिकारमुखी संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने।

च) उप-महानगरपालिकाका वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनुवाइ गराउने र लैससास लेखाजोखा गर्ने, आदि।



घनश्याम पाण्डे

छ) उप-महानगरपालिकाका वडा भित्रका महिला, बालबालिका लगायत वञ्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने ।

ज) उप-महानगरपालिकाका वडास्तरमा लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।

झ) नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

ञ) माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

पालिकास्तरिय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ । वडास्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

## १५. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार हरेक तीन वर्ष गरिने छ ।

## १६ खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुनसंग वाझिएमा वाझिएको हदसम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ ।



घनश्याम पाण्डे

# तुलसीपुर उपमहानगरपालिका
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना
(आ.व २०७८/०७९)

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | पालिकाको लैससासको खण्डिकृत तथ्याङ्क तयार गर्ने र यसलाई नियमित अद्यावधिक गर्ने | महिला, वालवालिका तथा सामाजिक विकास शाखा, लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहरु, लैससास क्षेत्रमा काम गर्ने संघ संस्थाहरु | तुलसीपुर उप-महानगरपालिका | नीति स्वीकृत भएको २ महिना भित्र |
| २ | पालिकाको आवधिक योजना, पार्श्वचित्र र अन्य नीति तथा कार्यविधिहरु वनाउने प्रक्रियालाई लैससास सम्वेदनशील र उत्तरदायी बनाउने | तुलसीपुर उप-महानगरपालिका | विषय विज्ञहरु | तुलसीपुर उप महानगरपालिका | नीति स्वीकृत भएको ४ महिना भित्र |
| ३. | नगर कार्यपालिका सदस्यहरु र कर्मचारीहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र परिक्षण साथै लेखाजोखा सम्बन्धी अभिमुखिकरण | महिला,वालवालिका तथा सामाजिक विकास शाखा, लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहरु | तुलसीपुर उप महानगरपालिका | नीति स्वीकृत भएको २ महिना भित्र |
| ४. | लैससासको विषयलाई अगुवाई गर्ने र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससासको श्रोत व्यक्तिहरु विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, उपमहानगरपालिका | विषय विज्ञहरु । | तुलसीपुर उप महानगरपालिका तथा संघ, प्रदेश, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु | नीति स्वीकृत भएको एक महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास गर्ने |
| ५. | नगरका सबै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित गर्ने | सामाजिक विकास शाखा, तथा योजना शाखा, तुलसीपुर उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ६. | पलिका तथा वडामा लेससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | सामाजिक विकास शाखा तथा योजना शाखा, तुलसीपुर | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार | नीति स्वीकृत भएको तीन महिना भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | समेत परिचालन गरिने छ। | |
| १२ | गैसस, सामुदायिक संस्था र सहकारी संस्थाहरुलाई परिचालन गरी वञ्चितीकरणमा परेका वर्ग र समुदायको आर्थिक तथा सामाजिक सशक्तीकण गर्ने | महिला तथा बालबालिका शाखा, | विषय विज्ञहरु | तुलसीपुर उपमहानगरपालिका | निरन्तर |
| १३ | महिला उद्यमसिलताको विकास गर्ने र हिंसा पिडित/प्रभावितहरुका लागि सिप मूलक कार्यक्रम सञ्चालन गर्ने | महिला तथा बालबालिका शाखा, | विषय विज्ञहरु | तुलसीपुर उपमहानगरपालिका | निरन्तर |
| १४ | समावेशी शासन व्यवस्था प्रवर्द्धन गर्न र नीति कार्यन्वयन गर्न संलग्न निकायहरुवीच प्रभावकारी समन्वय गर्ने | महिला तथा बालबालिका शाखा, | विषय विज्ञहरु | तुलसीपुर उपमहानगरपालिका | निरन्तर |
| १५ | बिपद् तथा प्रकोपमा हुने हिंसा रोकथासका तथा सम्बोधनका लागि नेतृत्वकारी भूमिका निर्बाह गर्ने। | महिला तथा बालबालिका शाखा | विषय विज्ञहरु | तुलसीपुर उपमहानगरपालिका | निरन्तर |

घनश्याम पाण्डे
प्रमुख